परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक ५० •२०८० जेष्ठ २७ गते शनिबार •(10 June-2023) •पृष्ठ ४ •मूल्य रु ३।- www.talknepaltv.com

## जनप्रतिनिधिसँग विद्यार्थीको आक्रोश: शिक्षक खोई मेयरसाब !



■ विशाल बस्नेत

महोत्तरी । मधेसकै शैक्षिक हबका रूपमा विकास भएको भनिएको बर्दिबासको शैक्षिक गुणस्तरको चर्चा जिल्लाभर हुने गर्छ। अझ ३ पटक यसै क्षेत्रबाट निर्वाचित पूर्व शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलको क्षेत्र भएकाले पनि आममानिसले हेर्ने दृष्टिकोण नै फरक छ। तर, नगरभरको विद्यालयको प्रतिनिधित्व हुने गरी गरिएको एक अन्तर क्रिया कार्यक्रमले भने 'हेभीवेट' नेतालाई मात्र गिज्याएको छैन, निर्वाचित जनप्रतिनिधिको काममाथि नै अविश्वास पैदा भएको छ।

बिहीबार बर्दिबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्री नगरभरका विद्यालयबाट प्रतिनिधित्व गरेर आएका विद्यार्थीको प्रश्नले घेरिए । निर्वाचित भएदेखि शिक्षामा उल्लेख्य परिवर्तन गरेको दाबी गर्ने मेयरको अभिव्यक्तिमा विद्यार्थीले कमजोरीबारे ध्यानाकर्षण मात्र गराएनन्, शैक्षिक गुणस्तरमाथि समेत प्रश्न गरे।

महोत्तरीको बर्दिबासस्थित श्री मावि प्रेमनगरका ९ कक्षामा अध्ययनरत निमेष मण्डलले विद्यालय व्यवस्थापन समितिको बैठक बस्दा पनि पढाइ नहुने गरेको गुनासो पोखे। 'हप्तामा २ दिन बैठक बस्छ, त्यो अवधिमा विद्यालयमा पढाइ हुँदैन,' उनले भने। शैक्षिक गुणस्तरमा वृद्धि गर्ने नाममा नगर प्रमुख क्षेत्रीले करारमा काम गरिरहेका पुराना शिक्षकहरू हटाएका थिए। तर, विद्यार्थीले भने मेयरको कदमपछि १ वर्षसम्म विषयगत शिक्षकको अनुहारसम्म हेर्न नपाएको गुनासो गरे। अत्यधिक गर्मीमा विद्यालयमा पंखा नहुनु, शौचालय नहुनु, बर्खायाममा छानाबाट पानी चुहिएर कोठाभित्र छिर्नु जस्ता साझा समस्या विद्यार्थीले राखिरहँदा नगर प्रमुख भने गुनासो सम्बोधन गर्ने आश्वासन दिइरहेका थिए। कार्यक्रमको सुरुआतमा नै नगर प्रमुख क्षेत्रीले सबैभन्दा बढी बजेट शिक्षामा छुट्याएको बताए पनि विद्यार्थीको गुनासो सम्बोधनको मार्गचित्र भने बताउन सकेनन्।

टुटेश्वर माध्यमिक विद्यालयमा अध्ययनरत एक छात्रले त नगर प्रमुखको जबाफदेहिता र जिम्मेवारीमाथि नै पटक-पटक प्रश्न उठाए। भने, 'छानाबाट पानी चुहिएको, छाना माथिबाट कक्षाकोठामा ढुंगा झरेको जिम्मेवारी कसले लिन्छ ?' छात्रले पटक-पटक यो प्रश्न गरेपछि नगर प्रमुखले जिम्मेवारी आफूले नभई व्यवस्थापन समितिले लिनुपर्ने बताए । विद्यार्थीहरूले नगर प्रमुखलाई विद्यालयमा राजनीति भइरहेको भन्दै ध्यानाकर्षण गराए भने निर्वाचनमा पर्चा, पम्प्लेटसमेत वितरण गर्न कक्षाकोठामा नै आउने गरेको उदाहरण पनि सुनाए।

**नगरको अनुगमन फितलो**

विद्यार्थीहरूको गुनासोले नगर शिक्षा शाखा अनुगमनमा नजाने गरेको खुलासा भएको छ । विद्यार्थीहरूले विद्यालयमा कोही पनि अनुगमनमा नआउँदा शिक्षकमाथि थप स्वतन्त्रता बढेको भन्दै यसका कारण पढाइ फितलो भएको गुनासो गरे। शिक्षा शाखाका प्रमुख गणेश दाहालले भने विद्यार्थीहरूले भनेजस्तो नभएको जिकिर गरे। उनले अनुगमन गरिरहेको दाबी गरे। नगरले विषयगत शिक्षक दिन नसक्दा विद्यार्थीहरूले निमावि पढाउने शिक्षकहरूले नै माविमा पढाइरहेको बताए। व्यवस्थापन समिति बनाउन नै नगरका प्रायः विद्यालयमा राजनीतीकरण हुने विद्यार्थीहरूले गुनासो गरे। व्यवस्थापन समितिका अध्यक्ष चयनमा नै राजनीतिक हस्तक्षेप हुने गरेको विषयमा भने नगर प्रमुखले नै असन्तुष्टि जनाए । स्वतन्त्र उम्मेदवारी दिएर मेयरमा निर्वाचित मेयर क्षेत्री हाल कांग्रेस प्रवेश गरिसकेका छन् ।

**५० प्रतिशत छात्र विद्यालयबाहिर**

विद्यालयमा शैक्षिक वातावरण नहुँदा कैयौँ विद्यार्थी विद्यालय छाडेर मजदुरी गर्न जाने गरेको पनि पाइएको छ। विशेष गरी नगरको दक्षिणी क्षेत्रका वडा ६, ९, १२ र १३ मा यस्तो समस्या रहेको विद्यार्थीहरूले बताएका छन्। संख्यात्मक हिसाबले विद्यालयमा विद्यार्थीको संख्या अधिक भए पनि ५० प्रतिशत पनि उपस्थित नहुने उनीहरूको भनाइ छ। उपस्थित नहुने विद्यार्थी खोलामा ढुंगा टिप्ने र मजदुरी गर्ने गरेको भेटिए पनि सरोकारवालाहरूले चासो नदेखाएको विद्यार्थीहरूको भनाइ छ। 'कुन विद्यार्थी के गरिरहेको छ ? किन विद्यालय आएन ? भन्ने विषयमा न शिक्षकबाट नै खोजी हुन्छ न त नगरबाट नै,' बनारझुल्ला माविमा अध्ययनरत एक छात्रले भने। विद्यार्थीका अनुसार नगरमा सरुवाको समस्या रोगजस्तै बनेको छ। सरुवा भएर आएको ७ दिनमा नगरले अदलबदल गर्ने गरेको छात्रछात्राको गुनासो छ ।

## संसारी माई महापूजाले जलेश्वरमा उल्लास



■ टक नेपाल

जनकपुरधाम । शुक्रबार महोत्तरीको जलेश्वरलाई संसारी माई महापूजाको रौनक छप्पक छोप्यो । पाँच वर्ष बनाइने संसारी माइको पूजाले भक्तसागरले भरिभराउ रह्यो। नेपाली सेनाले मुख्यपूजारी महिन्द्र मुखियाको घरमा रहेको संसारी माइको थानमा सलामी दिएर हर्ष बढाई गर्‍यो। मटिहानी नगरपालिकाले हेलिकोप्टरबाट पुष्पवृष्टि गरेर भक्तजन तथा नगरबासीमा उमंग भरिदियो। माता प्रतिको आस्थाले ४३ डिग्री तातो घामले पनि रोकेन। दिउँसो तातो घाममा पनि भक्तजनहरु घरबाट निस्किएर महापूजाको मेलामा रमाए। माताको महिमा गानको धुनले सबैमा आशाको सञ्चार गरायो। एक साता अघिबाट सुरु भएको महापूजाको अन्तिम दिन थियो शुक्रबार । घरघरबाट पशु वली प्रदान गर्न मानिसहरु लाम लागेको थियो। जलेश्वर स्थित वरुणसर (पोखरी)को किनारमा रहेको संसारी माताको मन्दिर परिसरमा पञ्चवली प्रदान गरिएको संसारी माता महापूजा मूल समारोह समितिका अध्यक्ष अशोक कुमार साहले बताए। संसारी मातालाई हरेक धर्म सम्प्रदायले मान्ने गरेको छ। हरेक सम्प्रदायको पहिचान बोकेको संसारी माईको पुजालाई भक्तजन, गाउँले र सरकारले धार्मिक तथा साँस्कृतिक पर्वको रुपमा मनाउँछन्। बोका, हाँस, कुखुरा, परेवा, सुँगुर र राँगाको बलिप्रदान गरिएको थियो। संसारीमाई महापूजामा जलेश्वर नगरपालिकाको प्रत्येक घरबाट अनिवार्य रुपमा बलि दिइने चलन छ। संसारीमाईसँग भाकल गरेका भारत तथा विभिन्न जिल्लाका भक्तजनहरुले समेत आ-आफ्ना गच्छे अनुसार बलि दिने गरेका छन्। संसारीमाई पञ्च वार्षिक महापूजाको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत पहिलो दिन नगर सरसफाई गरी पुजाको कार्यक्रम सुरु भएको थियो। शनिबार दोस्रो दिन कलश यात्रा गरिएको थियो। २१ गते महापाठ, २२ गते लखराम पुजा, २३ गते हनुमान आराधना, २४ गते अष्टयाम, २५ गते विडी सलामी र महाआरती र २६ गते बलिप्रदान गरी पञ्च वार्षिकी महापूजाको समापन हुँदैछ। अनादीकालमा जलेश्वरमा महामारी आएर दर्जनौं व्यक्तिको मृत्यु भइरहेको बेला स्थानीयले संसारी माईलाई आह्वान गरी माहामारी रोके पूजा गर्ने वचनबद्धता प्रकट गरेका थिए। पछि माता संसारीले महामारी रोकिदिएको र सोही बेलादेखि स्थानीयले माता संसारीको पूजा गर्दै आएको किम्बदन्ती रहेको छ।

विज्ञापनका लागि सिधा सम्पर्क गर्नुहोस् ।

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

www.talknepaltv.com

सम्पर्क मोवाइल नम्बर :
९८०७८२१०१४,९८६३२१०१४ र ९८०४८०४७००
talknepalnationaldaily@gmail.com

## ....सम्पादकीय

### सरकार छ भन्ने आभास देऊ

प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को भनाइ र गराइमा भिन्नता पाइन्छ। उहाँका हरेक दिनका भाषणहरु सुन्ने हो भने मुलुक उन्नत हुन कुनै समय नै लाग्ने छैन तर उहाँको काम गराइलाई हेर्ने हो भने देश उन्नतिको बाटोतर्फ लम्केला भन्न सकिँदैन । देशको कार्यकारी प्रमुखको दैनिकी देश निर्माणका लागि हरेक दिन विज्ञसँगको छलफलमा व्यस्त हुनुपर्ने थियो तर उहाँ कार्यकर्ता र उद्योगी तथा व्यापारी रिझाउन सामान्य कार्यक्रमको उद्घाटन गर्दै आफ्नो समय खेर फाल्ने काम गर्दै आउनुभएको छ । पछिल्लो समय उहाँले स्कुलको स्वर्ण जयन्तीको उद्घाटनदेखि निजी क्षेत्रले बनाएको केबलकार उद्घाटन गर्दै आफ्नो समय व्यतीत गर्दै आउनुभएको छ । चौतर्फीरुपमा उहाँको पार्टी घेराबन्दीमा पर्दै गएको छ । मुलुकका विकास निर्माण ओझेलमा पर्न थालेका छन् तर उहाँलाई यस्ता चिन्ताले छुन सकेको देखिँदैन । पछिल्लो समय लोकतन्त्रमाथि धावा बोल्ने शक्तिहरु जुर्मुराउन थालेका छन् । अहिलेको व्यवस्थाले नेपाली जनताको हित र उन्नति गर्न नसक्ने भन्दै उनीहरु व्यवस्थाको विरुद्ध लाग्दा पनि प्रधानमन्त्री प्रचण्डलाई भने रिबन काट्ने मोहले छोड्न सकेको देखिँदैन । प्रधानमन्त्री प्रचण्डका हरेक भाषण क्रान्तिकारी हुन्छन् । उहाँको भाषण सुन्ने हो भने देश कायापलट हुन समय लाग्ने देखिँदैन तर काम गराइमा भने उहाँ पाइला-पाइलामा चुक्दै आउनुभएको छ। जता हेरे पनि निरासाबाहेक केही देखिँदैन। आज रोजगारीको अभावमा विदेशिनेको संख्या हेर्दा डर लाग्दो अवस्था देखिन्छ तर सरकार रोजगारी सृजना गर्ने तर्फ उन्मुख भएको देखिँदैन । मुलुकमा भएका सबै सरकारी कलकारखाना बन्दको अवस्थामा छन् भने नयाँ उद्योग खोल्ने वातावरण पनि बिस्तारै हराउँदो अवस्थामा छ। विदेशी लगानीलाई आकर्षित गर्ने योजना ल्याउने कुरा सरकारले हरेक वर्ष बताउने गरेको छ तर त्यो योजनाले कहिल्यै साकार भएको पाइँदैन । चरम बेथितिले सीमा नाघ्न थालेको छ। सरकारी कार्यालयमा बिचौलियाविना काम नहुने अवस्था बढ्दो छ तर सरकार भन्छ- जनतालाई हामीले सहज सेवा दिएका छौं । यस्ता खाले भनाइले जनता आक्रान्त बन्दै गएका छन् । आजको अवस्थालाई विश्लेषण गर्ने हो भने, सरकार छ भन्ने भानसमेत हुँदैन । जनपक्षीय काममा सरकार चुक्दै गएको छ । संसारभर देखिएको आर्थिक मन्दीले नेपाललाई समेत छोएको अहिलेको अवस्थामा जनताका जनजीविकाका सवालमा सरकार एकलब्य हुनुपर्ने थियो तर सरकार बरालिँदै गएको आभास हुन थालेको छ। एकले अर्कालाई दोषारोपण गर्नुभन्दा पनि मुलुकको आर्थिक अवस्थालाई मजबुत बनाउन सरकारले आफ्नो नीतिमा आमूल परिवर्तन ल्याउनुपर्ने थियो तर त्यो हुन सकेको देखिँदैन । जे होस्, सरकारले हिजो के गर्‍यो भन्दा पनि भोलि के गर्छ भन्नेमा आमजनताले चासो देखाएका छन् । त्यसैले सरकारले सत्ता टिकाउने खेलमा भन्दा पनि जनताको चाहना परिपूर्ति गर्नेतर्फ आफ्नो गन्तव्य बनाउनुको विकल्प देखिँदैन। त्यसतर्फ सरकारको ध्यान जान जरुरी देखिन्छ।

# गणतन्त्रका १५ वर्षले आएको परिवर्तन

■ टक नेपाल

काठमाडौँ । नेपालमा दुई सय ४० वर्षे राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको १५ वर्षको अवधिमा जनताका प्रतिनिधिले लेखेको संविधानमार्फत अवसर र अधिकारबाट बञ्चित भएका महिला, आदिवासी, मुस्लिम, दलित, मधेसी, उत्पीडित, पिछडिएका क्षेत्रबाट प्रतिनिधि सुनिश्चित भई समावेशी आधारमा राज्यसत्ता सञ्चालनमै सहभागी हुने सुवर्ण अवसर प्राप्त भएको छ । नेपालमा भैतिक पूर्वाधारको विकास र सूचना तथा सञ्चार प्रविधिमा क्रान्ति सङ्घीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थाकै कारणले सम्भव भएको हो। राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिर्वतनका लागि नेपाली जनताले इतिहासका विभिन्न कालखण्डमा गरेका जनयुद्ध, राजनीतिक आन्दोलन तथा जनताको बलिदानीपूर्ण सङ्घर्षको जगमा रु २०६५ जेठ १५ गते तत्कालीन संविधानसभाबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने ऐतिहासिक निर्णय भएको थियो । सोह्रौँ गणतन्त्र दिवसका सन्दर्भमा सरकारले गणतन्त्रका १५ वर्ष नामक पुस्तिका प्रकाशनमा ल्याएको छ । यसबीचमा भएका उपलब्धिलाई विभिन्न १५ शर्षिकमा तथ्याङ्कगतरुपमा प्रस्तुत गरिएको छ । यस अवधिमा समावेशीकरण, सङ्घीयता कार्यान्वयन, आर्थिक विकास शान्ति सुरक्षा र सुशासन स्थापना, ऊर्जा विकासलगायतका क्षेत्रहरुमा सकारात्मक फड्को मारेको देखिन्छ । गणतन्त्रका १५ वर्षमा समावेशी प्रतिनिधित्व नीति निर्माण तथा प्रशासनिक क्षेत्र उत्साहजनक रहेको छ। स्थानीय तहमा हालको महिला प्रतिनिधत्वलाई मात्र हेर्ने हो भने साविक स्थानीय निकायमा यस्तो प्रतिनिधित्व ज्यादै कम देखिन्छ । यसै गरी विसं २०४८, २०५१ र २०५६ को संसद्मा भएको प्रतिनिधित्वको तुलनामा गणतन्त्रपछिको प्रतिनिधित्व उल्लेख्य रुपमा वृद्धि भएको छ । त्यसैगरी संवैधानिक पदाधिकारीमा महिला पुरुष अनुपात ८:९२ पुगेको छ । यसैगरी नेपालले प्रशासनिक क्षेत्रमा समावेशी प्रतिनिधित्वमा फड्को मारेको छ। विसं २०६४ देखि २०७९ सम्म लोकसेवा आयोगको समावेशी प्रतिस्पर्धाबाट २२ हजार ६९२ जना महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएका क्षेत्र समूहबाट सिफारिस भएका छन् । समावेशी समूहले अवसर सिर्जना गरेको प्रतिस्पर्धी क्षमताका कारण २०७४ देखि २०७८/७९ सालको अवधिमा खुला प्रतियोगिताबाट नौ हजार ३१ र समावेशी प्रतियोगिताबाट नौ हजार आठ सय २९ गरी १८ हजार आठ सय ६० जना लोकसेवाबाट सरकारी सेवाका लागि सिफारिस भएका छन् । गणतन्त्र स्थापनापूर्वको स्थानीय तहको निर्वाचन वर्ष २०४९, २०५४ सालमा क्रमशः ० दशमलव ६२, ११ दशमलव ७७ प्रतिशत मात्र महिलाको प्रतिनिधित्व रहेकोमा गणतन्त्र स्थापनापछिको निर्वाचन वर्ष विसं २०७४, २०७९ मा क्रमशः ४० दशमलव ९६, ४१ दशमलव २३ प्रतिशत पुगेको छ । त्यस्तै गणतन्त्र स्थापनापूर्वको प्रतिनिधिसभामा निर्वाचन वर्ष २०४८, २०५१, २०५६, २०६४ सालमा क्रमशः तीन दशमलव ९, २ दशमलव ९३, ५ दशमलव ८५ र ३२ दशमलव ७८ प्रतिशत रहेको थियो भने गणतन्त्र स्थापनापश्चात् निर्वाचन वर्ष २०७०, २०७४, २०७९ मा क्रमशः २९ दशमलव ४५, ३३ दशमलव ९ र ३३ दशमलव ९ प्रतिशत रहेको छ । गणतन्त्रले न्यायिक क्षेत्रमा पनि लैङ्गिक समावेशीकरणलाई टेवा पुर्‍याएको छ । जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत को न्यायाधीश पदमा महिलाको संख्या बढ्दो छ। संविधानअनुसार शासकीय पुनःसंरचना भएको र बझाङको सैपाल गाउँपालिकाबाहेक सबै स्थानीय तहमा बैंकिङ सुविधा पुगेको छ । शान्तिसुरक्षा र सुशासनतर्फ विसं २०६३ मङ्सिर ५ गते नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच सम्पन्न भएको ऐतिहासिक विस्तृत शान्ति सम्झौता विसं २०६३ ले सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणको सवालमा महत्वपूर्ण उपलब्धि हासिल गर्‍यो । सम्झौताबमोजिम गरिएको सेना समायोजन पनि एउटा महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिन्छ। सशस्त्र द्वन्द्वमा विद्रोही पक्षबाट लडिरहेका व्यक्तिहरूको उचित व्यवस्थापन र सशस्त्र द्वन्द्वमा संलग्न भएको नेपाली सेनाको आधुनिकीकरणसहितको सेना समायोजन सम्पन्न भएको छ । शान्ति सुरक्षा र विकास निर्माणमा नेपाली सेना विश्वमा शान्ति स्थापनार्थ विभिन्न १३ वटा मिसनमा जम्मा ६० हजार ६१ जना फौज तैनाथ भई फौज योगदान गर्ने मुलुकको सूचीमा नेपाल दोस्रो स्थानमा रहेको छ। राष्ट्रिय सुरक्षाको महत्वपूर्ण अङ्गका रुपमा रहेको सीमा सुरक्षालाई सबल र व्यवस्थित बनाउन देशका दक्षिणी सीमातर्फ दुई सय १९ र उत्तरी सीमातर्फ सात गरी दुई सय २६ स्थानमा बिओपी स्थापना गरिएको छ । सार्वजनिक सेवा प्रवाहलाई सहज र पहुँचयोग्य बनाउँदै लगिएको छ। सरकारी काम कारबाहीलाई थप पारदर्शी र जवाफदेही बनाइएको छ । प्रदेश र स्थानीय तहका सेवा प्रवाहले सार्वजनिक सेवालाई नागरिकको नजिक पुर्‍याएको छ । सबै प्रदेश सरकारले सुशासन केन्द्र स्थापना गरेका छन् । प्रायःजसो सरकारी कार्यालयले आफ्ना सेवा अनलाइन प्रणालीबाट सुरु गरेका छन् । भ्रष्टाचार नियन्त्रणका प्रयासस्वरुप नेपालको भ्रष्टाचार सूचकमा सुधार आएको छ । करिब डेढ दशकअघिसम्म ऊर्जाका क्षेत्रमा स्वदेशको उत्पादन र भारतबाट आयात गर्दासमेत कहालिलाग्दो लोडसेडिङ रहेकामा हाल उत्पादन उल्लेख्य वृद्धि भई निर्यातसमेत सुरु गरिएको छ । आव २०६३/६४ मा सात सय मेवा विद्युत् उत्पादन क्षमता रहेकामा गत चैत मसान्तसम्म दुई हजार छ सय ७८ मेवा पुगेको छ भने विद्युत् पहुँच पुगेका घरपरिवार विसं २०६४ मा ५६ प्रतिशत रहेकामा विसं २०७८ मा ९२ प्रतिशत पुगेको छ । देशको आर्थिक विकास र वित्तीय व्यवस्थापनको क्षेत्रमा पनि सुधारका उल्लेख्य प्रयासहरु भएका छन् । नेपाल सरकारले विकास निर्माणको कार्यलाई नयाँ सोचका साथ तीव्र रुपमा अघि बढाउन राष्ट्रिय गौरवका आयोजनाहरू पहिचान गरी कार्यान्वयनमा ल्याएको छ । सडक, पुल, भवन, जलविद्युत् योजना, विमानस्थल, सिँचाइ नहर, केबुलकार, सुरुङमार्गको निर्माण पनि अघि बढेका छन् । विसं २०६४ मा रु ३१ हजार नौ सय ४६ रहेको प्रतिव्यक्ति आय विसं २०७९ मा रु एक लाख ८२ हजार छ सय ८३ पुगेको छ। गरिबी निवारणलाई मापन गर्ने बहुआयामिक गरिबी दरले सन् २०१४ मा २८.६ प्रतिशत जनसंख्या गरिब देखाएकोमा हाल यो प्रतिशत १७.४ मा झरेको छ। त्यस्तै मानव विकास सूचकाङ्कमा नेपालको सूचकाङ्क सन् २०१० मा ०.५४३ रहेको अवस्थामा सुधार भई हाल ०.६०२ पुगेको छ । त्यस्तै लैंगिक असमानता सूचकांक २०६४ सालमा ०.५३२ रहेकामा २०७९ सालमा यो अङ्क घटेर ०.४५२ मा ओर्लेको छ । लगानी वातावरणको सङ्केत गर्ने सूचकका रुपमा लिइने डुइङ विजनेस प्रतिवेदन २०२० ले नेपालको स्थान अघिल्लोपटकको ११० औँ बाट सुधार भई ९४ मा ओर्लेको देखाएको छ । विसं २०६४ मा पाँच हजार चार सय किलोमिटर रहेको पक्की सडक २०७८ सालमा १६ हजार छ सय किमी पुगेको छ भने पक्की, कच्ची र ग्राभेल गरी सडकको लम्बाई ३३ हजार ७ सय किलोमिटर पुगेको छ। त्यस्तै शौचालयको प्रयोग गर्ने घरपरिवारको प्रतिशत ४९ प्रतिशतबाट दोब्बरले बढेर ९६ प्रतिशत पुगेको छ। यसैगरी मोबाइल सेवा प्रयोगकर्ता ५.९५ प्रतिशतबाट बढेर २०७९ मा १२२.२५ पतिशत पुगेको एवम् इन्टरनेट सेवा ०.२४ प्रतिशतबाट १३३ प्रतिशत पुगेको छ । प्रकृति र संस्कृतिको धनी नेपाल आकर्षक, सुरक्षित, मनोरम र साहसिक पर्यटकीय गन्तव्यका रूपमा विश्व पर्यटन बजारमा परिचित रहेको छ। नेपालको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुर्‍याउँदै आएको छ । गणतन्त्र स्थापनापछिका १५ वर्षमा सञ्चार क्षेत्रलेसमेत ठूलो फड्को मारेको छ । यस अवधिमा रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन र डिजिटल सञ्चार माध्यम सङ्ख्यात्मकरुपले मात्र वृद्धि नभई प्रविधि तथा प्रकाशन प्रसारण सामग्रीको स्तरीयतासमेत बढेको छ । सरकारले ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका, विधवा, लोपोन्मुख आदिवासी जनजाति, दलित बालबालिका र कर्णालीका ६० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई मासिकरुपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । यसैबीचमा नेपालको अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता तथा प्रतिनिधित्वसमेत प्रभावकारी बन्दै गएको छ। नेपालले सन् २००९ र सन् २०२३ गरि दुई पटक अल्पविकसित मुलुकको अध्यक्षता गरेको छ । कूटनीतिक सम्बन्धको विस्तार भई नेपालको दौत्य सम्बन्ध २०६४ सालमा १२६ रहेकामा २०८० वैशाखसम्म एक सय ७९ पुगेको छ । त्यस्तै ११ मुलुकसँग द्विपक्षीय श्रम सम्झौता भएको छ । *(पुस्तक सम्पादनमा संलग्न हुनुभएका सुवेदी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ भने अधिकारी राससका आलेख शाखा प्रमुख हुनुहुन्छ)*

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | नयाँ काम प्रारम्भ गर्ने समय छ। | तुला | परिस्तिथिवश काममा ढिलासुस्ती हुन सक्छ। |
| बृष | अध्ययनशील प्रवृत्तिले फाइदा दिलाउनेछ। | वृश्चिक | परिस्थिति केही असहज रहने समय छ। |
| मिथुन | कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। | धनु | काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। |
| कर्कट | बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला। | मकर | द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। |
| सिंह | व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। | कुम्भ | प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। |
| कन्या | कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ। | मीन | आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन्। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# ‘ए’ डिभिजन लिग : आर्मीको सुखद् अन्त्य



▪ टक नेपाल

काठमाडौं । सुदील राईको निर्णायक गोलप्रे रित विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबले सहिद स्मारक ‘ए’ डिभिजन लिगको आफ्नो अन्तिम खेलमा हिमालयन शेर्पा क्लबमाथि १-० को कठिन जित निकालेको छ। शुक्रबार त्रिपुरेश्वस्थित दशरथ रंगशालामा सम्पन्न खेलको छैटौं मिनेटमा सुदीलले गोल गरेका थिए। विमल पाण्डेको फ्रिकिकलाई पेनाल्टी बक्सभित्र अनमार्क रहेका सुदीलले नियन्त्रणमा लिँदै गोल गरेका थिए । जितसँगै २६ खेलमा ३४ अंक जोडेको आर्मी छैटौं स्थानमा उक्लिएको छ । समान खेल खेलेको हिमालयन शेर्पा ३१ अंकका साथ दशौँ स्थानमा छ । लिगको उपाधि नवप्रवेशी चर्च ब्वाइज युनाइटेडले जितिसक्दा शुक्रबारसम्म रेलिगेसनमा पर्ने एक टिमको टुंगो लागेको छ । चर्चसँगै शीर्ष डिभिजनमा बढुवा भएको फुटबल क्लब खुमलटार पुनः ’बी’ डिभिजन लिगमा घटुवा भएको छ । अब भोलि हुने थ्रीस्टार क्लब र जावलाखेल युथ क्लबबीचको खेलमा रेलिगेट हुने अर्को एक टिमको टुंगो लाग्नेछ ।

मनराशिसवा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना**

प्रकाशित मिति : २०८०/०२/२७

यस कार्यालयद्वारा तपशिलमा उल्लेखित मालसामान खरिदका लागि मिति २०८०/०२/०८ गतेको राष्ट्रीय दैनिक पत्रिका टक नेपालमा प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र यस मनरा शिसवा नगरपालिका,नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दर्ता भएका सम्पूर्ण शिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिलको दरभाउपत्रदाताको दरभाउपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| क्र.स. | ठेक्कान. | मालसामानको विवरण | छनौट भएका बोलपत्रदाता /दर भाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ.कर र पी.एस बाहेक ) |
|---|---|---|---|---|
| | Mun/Manara/Goods/SSQ/7/2079/80 | जनताको रहर, हरित शहर अन्तर्गत (Supply & Delivery Of Tree Guards ) | लक्की सप्लायर्स एकडारा गा.पा.-४ | १६,७६,४०५.७५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# सिधै किसानको हातमा अनुदान दिने नीति बनाएका छौं : प्रधानमन्त्री




▪ टक नेपाल

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले विगतका अनुभवबाट शिक्षा लिएर यसपटक सिधै किसानको हातमा अनुदान दिने नीति लिएको बताएका छन् । शुक्रबार दिउँसो काठमाडौंमा आयोजित रिटर्नी सेन्टर नेपालको प्रथम राष्ट्रिय भेलामा उनले विगतमा अनुदानको सही उपयोग हुन नसकेकाले सरकारले सिधै किसानसम्म अनुदान पुऱ्याउने नीति लिएको बताए । “विगतमा अर्बौं अरबका अनुदानका कार्यक्रम बने । तर, तिनीहरूको सही सदुपयोग हुन सकेन। जसले उत्पादन गर्छ, उसले अनुदान नपाउने स्थिति रह्यो,” उनले भने, “त्यो एक प्रकारले बालुवामा पानी हालेजस्तै भयो। विगतका अनुभवबाट शिक्षा लिएर सरकारले यसपटक सिधै किसानको हातमा पुग्ने गरी अनुदान दिने नीति लिएको छ ।” प्रधानमन्त्रीले विदेशबाट फर्किएको जनशक्ति, पूँजी र सीपलाई एकीकृतरूपमा परिचालन गर्ने नीति र योजना पनि सरकारले बनाएको बताए । “विशिष्ट परिस्थितिमा गुज्रिएर नेपाल फर्किएका साथीहरूको पहलमा यो भेला हुँदै छ, यसले सङ्गठनको काम मात्र गर्ने छैन,” उनले भने, “प्रकृतिले दिएको साधन स्रोतका दृष्टिले हामी गरिब छैनौं, हामी धेरै धनी छौं। हामीसँग जमिन, जङ्गल, हिमाल, जडीबुटी, जलविद्युत्को उत्पादन र सदुपयोगमार्फत निर्यातमुखी अर्थतन्त्रको विकास गर्नसक्ने प्रचुर सम्भावना छ। तर, त्यसको सही सदुपयोग गर्नुपर्ने चुनौती हाम्रासामु छ ।” आफूले यसपटक विगतभन्दा फरक ढङ्गले काम गरिरहेको जनाउँदै प्रधानमन्त्रीले विगतभन्दा फरक, तत्परताका साथ काममा लागेको बताए । “सरकार भ्रष्टाचारविरूद्ध कठोररूपमा प्रस्तुत भएको छ । हामीकहाँ भएको फोहोरको थुप्रो नै सफा गर्नुछ,” उनले भने, “नक्कली भूटानी शरणार्थी प्रकरण एउटा उदाहरण मात्रै हो, यस्ता थुप्रै बेथिति छन् । तिनीहरू पनि नियन्त्रण गर्नुछ । हामी यसमा दृढतापूर्वक अगाडि बढ्छौं।” उत्पादन र रोजगारी नै अहिलेको मुख्य आवश्यकता भएको जनाउँदै उनले यसबाट मात्रै समाजवादको आधार निर्माण गर्न सकिने बताए । यसपटकको नीति तथा कार्यक्रममा उत्पादन, रोजगारी र कृषिलाई सबैभन्दा उच्च महत्त्व दिइएको उनको भनाइ छ । प्रधानमन्त्रीले भने, “जनतामा एकता र नयाँ राष्ट्रिय सङ्कल्पबाट देश बन्छ । राष्ट्रिय एकता र सङ्कल्पका लागि तपाईंले पनि योगदान गर्नुस् । एकथरी मान्छे राम्रो गर्न, देख्न र सुन्नै चाहँदैनन्, उनीहरूबाट देश बन्दैन । त्यसैले हामीले नेतृत्व लिनुको विकल्प छैन।” रिटर्नीको हित संरक्षणका निम्ति राज्यले विनियोजन गरेको बजेटको सही सदुपयोग गर्न आवश्यक संरचनाको निर्माण गरी प्रभावकारी अनुगमन, रिटर्नीले सञ्चालन गरेका व्यवसायमा अनुदान र कर छुटका लागि आवश्यक निर्णयका लागिसमेत सरकार प्रतिबद्ध रहेको उनले बताए ।

**–रासस**

अब बर्दिवासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
**साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर**
बर्दिबास न.पा.–१ महोत्तरी (यातायात कार्यालयको सामुने)

हाम्रा सेवाहरु

• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नशा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स–रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा

**विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा**
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

**लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगीको संक्रमणबाट बच्ने एक मात्र उपाय हो ।**

डेंगीका बिरामी बढ्न सक्ने मौसमपूर्व नै डेंगीको संक्रमण देखिन थालेकाले, डेंगीको संक्रमण हुन नदिन लामखुट्टेको वृद्धि विकास रोकि लामखुट्टेको टोकाईबाट बच्न आवश्यक हुन्छ ।

**डेंगीको संक्रमणबाट बच्ने उपायहरू**
- सधैं झुल टाँगेर सुत्ने
- खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउने
- घरको झ्याल ढोकामा जाली हाल्ने
- सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्ने
- घरपालुवा पशुपंक्षी व्यवस्थित ढंगले पाल्ने
- घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने

मनराशिसवा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

# सर्पदंश उपचार केन्द्रमा थपिँदै साधन

**टक नेपाल**

बर्दिबास । सर्पदंशका घटना बाक्लिदै गएबीच महोत्तरीको बर्दिबास-३ गौरी डाँडास्थित सर्पदंश उपचार केन्द्रमा उपचार उपकरण र सामग्री थपिएका छन् । नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखाले बिभिन्न क्षेत्रबाट सहयोग जुटाउँदै केन्द्रलाई एन्टी स्नेक भेनम ओसार्न प्रयोग गरिने बाकस, भण्डारण गर्ने भ्याक्सिन फ्रिज, बिरामीको आपत्कालीन उपचारमा प्रयोग गरिने पोटेबल भ्यान्टिलेटर र अक्सिलेटर सहितका उपकरण आज बुधबार एक समारोहका बीच हस्तान्तरण गरेको हो । यी सामग्री रेडक्रस उपशाखाका संरक्षक तथा बर्दिबासका नगरप्रमुख प्रल्हाद क्षत्रीले केन्द्रका अध्यक्ष कृष्ण देवकोटालाई हस्तान्तरण गर्नुभएको हो । केन्द्रमा सर्पदंशका बिरामीको चाप बढ्दै गएका बेला अत्यन्त जरुरी उपकरण र सामग्रीको अभाव हुन नदिन केन्द्रलाई सहयोग




गरिएको रेडक्रस उपशाखा सभापति रेवन्त कार्की 'सुदीप' को भनाइ छ। एन्टी स्नेक भेनम ओसार्न प्रयोग गरिने बाकस, भण्डारण गर्ने भ्याक्सिन फ्रिज, बिरामीको आपत्कालीन उपचारमा प्रयोग गरिने पोटेबल भ्यान्टिलेटर र अक्सिलेटर सहितका उपकरण बर्दिबास हेल्प फाउण्डेशन र बर्दिबास नगरपालिकाको सहयोगबाट जुटेको रेडक्रस उपशाखा बर्दिबासले जनाएको छ । नगरपालिकाले पोटेबल भ्यान्टिलेटर र अक्सिलेटर सहितका उपकरण र बर्दिबास हेल्प फाउण्डेशनले भ्याक्सिन फ्रिज खरिदका लागि नगद प्रबन्ध गरेका हुन्। केन्द्रमा भ्याक्सिन भण्डारण गर्ने एकमात्र पुरानो फ्रिज रहेको जानकारी पाएपछि यो जुटाउन पर्छ भन्ने लागेर आफूले सहयोग अपिल गर्दा नयाँ सामग्री किन्ने रकम प्राप्त भएको सभापति कार्कीले बताउनुभयो । आज केन्द्रलाई प्राप्त भएका सामग्री (उपकरण) उपचार कार्यमा अति महत्वका रहेका केन्द्रका अध्यक्ष देवकोटाले बताउनुभयो । यिमध्ये पोटेबल भेन्टिलेटर र अक्सिलेटर सिकिस्त बिरामीलाई उपचार गर्दै सुविधा सम्पन्न अस्पतालसम्म पुऱ्याउन सहयोगी हुने केन्द्रका अध्यक्ष देवकोटाले स्पष्ट पार्नुभयो । 'सर्पको खानी' उपनाम पाएको बर्दिबासमा सर्पदंशबाट मानवीय क्षति बढ्दै गएपछि सामुदायिक रुपमा विक्रम सम्वत् २०७१ सालमा स्थापना गरी सञ्चालनमा ल्याइएको केन्द्रमा स्थापनाकालदेखि नै उपचार कार्यमा नेपाली सेनाका छ जनाको दक्ष प्राविधिक टोलीले सेवा दिँदै आएको छ । केन्द्रले हालसम्म ३३ हजार भन्दाबढी बिरामीले उपचार सेवा लिएका जनाएको छ ।

# सहमतिपछि मिथिला नगरपालिकामा लगाइएको ताला खोलियो

**टक नेपाल**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिमा लगाइएको ताला खोलिएको छ । शुक्रबार नगरप्रमुख र ताला लगाउने पक्षबीच सहमति भएपछि नगर पालिकामा लगाइएको ताला खोलिएको हो । ढल्केवरमा आकस्मिक सेवासहितका अस्पताल सञ्चालनका लागि कर्मचारी भर्ना प्रक्रिया रोकिएपछि आक्रोशित स्थानीयले बुधबार मेयर महेन्द्र महतो, उपमेयर सुनिता सिंह बुढाथोकी र प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेको कार्यकक्षमा तालाबन्दी गरेका थिए । शुक्रबार स्थानीय सञ्चार कर्मीको रोहवरमा ताला लगाउने पक्ष र नगर प्रमुख महतोबीच भएको छलफलमा आउँदो असार




१५ गतेभित्र स्वास्थ्य चौकी ढल्केवरमा आकस्मिक सेवा सञ्चालन गर्ने लगायत तीन बुँदे सहमति भएपछि नगरपालिकामा लगाइएको ताला तीन दिनपछि खोलिएको बताइएको छ । नगरपालिकाले सो आकस्मिक अस्पताल सञ्चालनका लागि कर्मचारी भर्ना गर्न जेठ २५ गते आवेदकहरुको अन्तर्वाता लिन समय तोकिएको थियो । तर, अन्तर्वाताको एक दिन अगाडि प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले कर्मचारी भर्ना प्रक्रिया स्थगितको सूचना सार्वजनिक गरेपछि ओक्रोशित स्थानीयले नाराबाजी गर्दै तालाबन्दी गरेका थिए । आकस्मिक अस्पताल सञ्चालनका लागि नगर पालिकाले गएको असोज १२ गते नै मेडिकल अधिकृत २, ल्याब टेक्नो लोजिस्ट १, अनमी ४ र स्वीपर २ जनासहितको आवश्यक कर्मचारी भर्नाको विज्ञापन प्रकाशन गरेको थियो । नगरपालिकाले अस्पताल सञ्चालन गर्न स्वास्थ्य चौकी ढल्केवरको परिसरमै रहेको एक भवन तयारी गरेको छ भने स्वास्थ्य उपकरणसमेत खरिद गरिसकेको बताइएको छ ।


चर्पीमा मात्र दिसापिसाब गरौं ।

गाउँघरलाई सफा र स्वच्छ राखौं ।

आ - आफ्नो बालबालिका जन्मेको ३५ दिन भित्र सम्मन्धीत वडा कार्यालयबाट जन्मदर्ता बनाऔं ।

मनराशिसवा नगरपालिका

मनराशिसवा, महोत्तरी

जन्म दर्ता किन गर्ने ?




बर्दिबास नगरपालिका

बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो

मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com